टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## ६४औं कार्यपालिका निर्णयहरु (मिति २०८२।१२।२२)

**प्रस्ताव नं.१** अस्थायी क्रसर उधोग सञ्चालन सम्बन्धमा ।

**निर्णय नं.१** पूर्वाधार विकास कार्यालय, धनगढी, कैलाली र तुल्सी-निराजन जे.भि.,टीकापुर न.पा.-१, कैलाली बीच भएको सम्झौता बमोजिम उक्त कार्यालयको ठेक्कानं. IDOKAILALI/W/NCB/८१/८२-१३४, Construction and Upgrading of Ringroad (Janaki RM simana-Amoura-Thapapur-Chauri-Chakawadi-Setilokmarg) Blacktop Road, Lamkichuha Municipality, Kailali को निर्माण कार्यमा प्रयोग हुने बालुवा, ग्राभेल, गिट्टी आदि संकलन तथा उत्पादनका लागि टीकापुर न.पा.-४, मौरनियामा अस्थायी क्रसर सञ्चालनका लागि अनुमति प्रदान गरि दिन उक्त कार्यालयको च.नं.६४६, मिति २०८२।१२।०९ को सिफारिस पत्र सहित तुल्सी-निराजन जे.भि.बाट यस कार्यालयमा निवेदन पेश भएकोले प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरि सञ्चालन गर्ने गरी यस नगरपालिकाको आर्थिक ऐनमा उल्लेखित दरमा वार्षिक कर लिई सम्बन्धित आयोजनाको सम्झौता अवधि सम्मका लागि उक्त सडक निर्माण कार्यमा प्रयोग हुने बालुवा, ग्राभेल, गिट्टी आदि संकलन तथा उत्पादन गर्न अस्थायी क्रसर सञ्चालनका लागि सम्झौता भएको बाटो सम्पन्न गरी र उत्तर तर्फ प्रचलनमा रहेको बाटो छोड्ने तथा क्रसरले प्रयोग गर्ने बाटो मर्मत सम्पन्न पश्चात सरकारलाई तिर्न बुझाउन बाँकी दायित्व फरफारक पश्चात सञ्चालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं.२** विधालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्ष अध्ययन समितिको म्याद थप सम्बन्धमा ।

**निर्णय नं.२** टीकापुर नगरपालिका द्वारा गठित विधालयहरुको शैक्षिक भौतिक तथा व्यवस्थापकीय पक्ष अध्ययन समितिको २ महिना सम्म म्यादथप सम्बन्धी प्रमुख प्रशासकीय स्तरको निर्णय समर्थन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३** करारोपण सम्बन्धी स्वघोषणा सम्बन्धमा ।

**निर्णय नं.३** स्थानीय सरकार सञ्चालन ऐन,२०५४ मा भएको व्यवस्था अनुसार टीकापुर नगरपालिकाले करारोपण नगरेको स्वघोषणा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४** नयाँ शहर आयोजना कार्यान्वियन सम्बन्धमा ।

**निर्णय नं.४** शहरी बिकाश तथा भवन निर्माण बिभाग नया शहर आयोजना समन्वय कार्यालय बबरमहल ,काठमाडौं बाट प्राप्त च न.२२८ मिति २०८२।८।२५ को पत्र अनुसार टिकापुर स्मार्ट सिटि अन्तर्गत वडा न. ७ र ९ सत्ती बजार झुन्ना चोक वरपरको शहरी विस्तार एवम जग्गा विकास आयोजना संचालन गर्न नया शहर आयोजना समन्वय कार्यालय बबरमहल काठमाडौं र रेस इन्जिनीयरिंग कन्सलटेन्सी काठमाडौं बीच खरिद सम्झौता भएको र सम्झौता भएको परामर्शदाता बाट विभिन्न मितिमा यस कार्यालयमा ताकेता भएको सम्बन्धमा मिति २०८२ चैत्र १७ गते टिकापुर नगरपालिका वडा न ७ को वडा समितिको बैठकको निर्णय नं.१ अनुसार उक्त आयोजना कार्यान्वन तथा संचालनका लागि वडा न ७ को कार्यालयबाट विभिन्न मिति मा सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सम्बन्धित जग्गाधनि तथा सो क्षेत्रका लाभग्राही सम्पर्कमा नआएको हुँदा सहमति प्राप्त नभएको भन्ने निर्णय भएको हुँदा सोहि अनुसार उक्त आयोजना कार्यान्वन गर्न नसकिने व्यहोरा शहरी बिकाश तथा भवन निर्माण बिभाग नया शहर आयोजना समन्वय कार्यालय बबरमहल ,काठमाडौं लाई लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.५** वन संरक्षण समितिसँगको सम्झौताको म्याद थप सम्बन्धमा ।

**निर्णय नं.५** नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०६४/०५/०६ को टीकापुर विकास समिति विघटन सम्बन्धमा भएको निर्णय अनुसार साविक बमोजिमको सिमाना क्षेत्र भित्र फैलिएर रहेको वन/जंगल/नर्सरी समेत मिति २०६४/०८/०५ गते शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, कैलालीबाट यस टीकापुर नगरपालिका कार्यालयलाई हस्तान्तरण गरिएकोमा उक्त वन/जंगल/नर्सरीको संवर्द्धन, संरक्षण तथा सुरक्षा गर्ने प्रयोजनका लागि विगतमा सम्झौता गरी वन संरक्षण समितिहरुबाट संचालन तथा व्यवस्थापन गराउने गरिएकोमा विगत झैं यस वर्ष पनि सुकेका, हावाहुरीले ढले परेका काठहरुबाट निस्कने १८ इन्च गोलाई (बोक्रा बाहेक) र ३ फीट लम्बाई मुनिका हागाबिगाहरु कटान/मुछान र प्रचलित कानूनले निषेध नगरेका अन्य वन पैदावार बिक्री

प्रचलित कानुन बमोजिम
निर्णय प्रमाणित । [signature]
२२।१२।२०८२
प्रमुख प्रशासकीय अधिकृत

६४ औं कार्यपालिका बैठक २०८२।१२।२२

CamScanner

गरी प्राप्त रकमको २५ प्रतिशत बराबरको रकम यस कार्यालयमा जम्मा भइसकेको र टीकापुर नर्सरी संरक्षण समिति, भगरैया वन संरक्षण समिति र भैरवनाथ वन संरक्षण समिति तथा यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बीचको सम्झौताको म्याद समाप्त भइसकेकोले हरेक वन संरक्षण समितिले अन्तिमदाह संस्कारका लागि कम्तिमा १ चट्टा दाउरा मौज्दात राख्ने र दाह संस्कार प्रयोजनको दाउराको मुल्य प्रति पटाक रु.१००० कायम हुने गरि सम्झौताको सर्त थप गरि चालु आ.व.२०८२/८३ को लागि सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ दलित सशक्तिकरण तथा रैथाने कला संस्कृति संरक्षण सम्बन्धमा ।

निर्णय नं.६ दलित सशक्तिकरण तथा रैथाने कला संस्कृति संरक्षण शिर्षकको बजेट गठित समितिबाट निर्णय भई तपसिल बमोजिम बाँडफाड गरि कार्यान्वयन गर्न अनुमति दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | नगरसभाबाट विनियोजित बजेट शिर्षक | बजेट रकम रु. | समितीबाट निर्णय भएका कार्यक्रम शिर्षकहरू | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | दलित सशक्तिकरण तथा रैथाने कला संस्कृतिको संरक्षण कार्यक्रम | २००००० | पञ्चेबाजा समुहलाई आवश्यक सामाग्री वितरण | २००००० | |

प्रस्ताव नं.७ विधालयमा कक्षा थपको अनुमति दिने सम्बन्धमा ।

निर्णय नं.७ यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहि शैक्षिक सत्र २०८३ को लागि कक्षा तथा तह थपको लागि अनुमति माग गरेका विद्यालयहरु मध्ये तपसिल बमोजिमका विद्यालयहरुलाई उक्त विद्यालयहरुले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को अनुसुचि-३ मा उल्लेखित पुर्वाधारहरु अनिवार्य रुपमा पुरा गर्ने गरि नगर शिक्षा समितिको सिफारीस बमोजिम शैक्षिक सत्र २०८३ बाट कक्षा तथा तह थप गरि सञ्चालनको अनुमति दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | विद्यालयकोनाम | विद्यालयकोकिसिम | तह | थपगर्न चाहेको कक्षा | सिफारीस |
|---|---|---|---|---|---|
| १ | पब्लिक बोर्डिङ स्कुल टीकापुर ५ | संस्थागत | आधारभुत | कक्षा-७ | कक्षा ७ सञ्चालन हुनेगरी (सात) कक्षा थप गर्न सकिने |
| २ | एभरेष्ठ स्कुल टीकापुर १ | नीजि गुठि | आधारभुत | कक्षा- ६ | कक्षा ६ र्न सकिनेसञ्चालन हुनेगरी कक्षा थप ग (छ) |
| ३ | जीवन ज्योति एकेडेमी टीकापुर ७ | संस्थागत | आधारभुत | कक्षा-७ | कक्षा ७ सञ्चालन हुनेगरी कक्षा थप गर्न (सात) सकिने |
| ४ | लिटिल स्टेप डे केयर एण्ड स्कुल टीकापुर १ | नीजि गुठि | आधारभुत | कक्षा -४ | कक्षा ४ सञ्चालन हुनेगरी कक्षा थप गर्न (चार) सकिने |
| ५ | ज्ञानी पाठशाला टीकापुर-१ | संस्थागत | माध्यमिक | कक्षा ९ तह ) (तथा कक्षा थप | माध्यमिक तह कक्षा ९ सञ्चालन हुनेगरी (नौ) कक्षा तथा तह थप गर्नसकिने |
| ६ | त्रिपथ विद्या निकेतन टीकापुर१- | संस्थागत | माध्यमिक | कक्षा १० | कक्षा १० सञ्चालन हुनेगरी कक्षा थप गर्न (दश) सकिने |
| ७ | जेसिस पब्लिक स्कुल टीकापुर७- | संस्थागत | माध्यमिक | कक्षा ९ तह ) (तथा कक्षा थप | माध्यमिक तह कक्षा ९ सञ्चालन हुनेगरी (नौ) कक्षा तथा तह थप गर्नसकिने |
| ८ | माउण्ट शैपाल इन्टरनेशनल एकेडेमी टीकापुर१- | संस्थागत | माध्यमिक | कक्षा ११ (कक्षा थप) | माध्यमिक तह कक्षा ११ सञ्चालन (एघार) गर्न सकिने हुनेगरी कक्षा थप |
| ९ | टीकापुर चैतन्य पाठशाला टीकापुर१- | संस्थागत | आधारभुत | कक्षा -५ सम्म | कक्षा २ सञ्चालन हुनेगरी कक्षा थप गर्न (दुई) सकिने |

प्रस्ताव नं.८ IEE र DPR तयार सम्बन्धमा ।

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित । [signature]
२३/१२/२०८२
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश

CamScanner

निर्णय नं.८ क.टीकापुर नगरपालिकाको फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्रको IEE गराउने कार्य अगाडी बढाउने निर्णय गरियो ।

ख.टीकापुर नगरपालिकाको जग्गा वर्गिकरण गर्ने कार्य द एसिया फाउण्डेशन संगको सहकार्यमा जग्गा वर्गिकरण कार्य गर्ने एवं जग्गा वर्गिकरणका लागि पेश भएको TOR स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९ सडकवोर्ड नेपालको योजना छनौट सम्बन्धमा ।

निर्णय नं.९ सडक बोर्ड नेपालको प.सं.२०८२/०८३ मिति २०८२/०९/२८ च.नं.६७८ को पत्रानुसार चालु आ.व.२०८२/०८३ का लागि सडक बोर्ड नेपाल कार्यक्रम अन्तर्गतका सडक मर्मतका कार्यक्रम अन्तर्गत रु.३५ लाख बजेट सिलिङ्ग प्राप्त भएको र उक्त कार्यक्रम संचालन गर्न ३० प्रतिशत बजेट नगरपालिका समपुरक कोषबाट व्यवस्था गर्नु पर्ने प्रावधान भए बमोजीम आ.व.२०८२/०८३ का लागि सडकबोर्ड नेपाल कार्यक्रम समपुरक कोष (म्याचिगं फंड) शिषर्कमा एकमुष्ट विनियोजीत बजेटबाट रु.१५,००,०००।०० विनियोजन गरि ठेक्का प्रक्रियाबाट संचालन गर्ने गरी तपसिलमा उल्लेखित आयोजना स्विकृत गरी सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंमा सहमतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| सि. नं. | आयोजनाको विवरण | आयोजना स्थल | विनियोजित बजेट | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सडक वोर्ड नेपाल | न.पा.म्याचिङ्ग | जम्मा रु. | |
| १ | टीकापुर नगरपालिका वडा नं.१ स्थित विष्ट आयल देखि पशु हाटवजार हुदै जानकी गा.पा.वडा नं.७ मोतिनगर सिमाना सम्मको कालो पत्रे वाटो मर्मत र टीकापुर वस पार्क देखि पार्क रोडको वाटो मर्मत | वडा नं.१, ३ र ५ | ३५,००,००० | १५,००,००० | ५०,००,००० | |
| | जम्मा रु. | | ३५,००,००० | १५,००,००० | ५०,००,००० | |

प्रस्ताव नं.१० योजनाको म्यादथप सम्बन्धमा ।

निर्णय नं.१० योजनाको म्यादथप गर्ने सम्बन्धमा प्राप्त निवेदन उपर छलफल हुँदा आयोजनाको म्यादथप सम्बन्धि प्राप्त निवेदन सहित सम्झौता देखिका कागजात तथा प्रचलित कानूनको अध्ययन गरि आगामी कार्यपालिकामा सिफारिस सहित प्रतिवेदन पेश गर्न ई.राजेन्द्र रावल, लेखाअधिकृत श्री देवीकृष्ण जैशी र कानुन अधिकृत श्री केशरवहादुर थापा सम्मिलित ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.११ योजना संशोधन सम्बन्धमा ।

निर्णय नं.११ (क) आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत रु. | संशोधित आयोजनाको नाम | ठेगाना | स्वीकृत रु. |
|---|---|---|---|---|---|---|
| १ | नव प्रबद्र्धन कृषि कार्यक्रम | वडा नं. १-९ | ८००,०००/- | कृषियान्त्रिकीकरण सहयोग कार्यक्रम | वडा नं. १-९ | ४,५०,००० |
| | | | | कृषि सिंचाई मोटर सहयोग कार्यक्रम | वडा नं. १-९ | ३,५०,००० |

प्रचलित कानून बमोजिम निर्णय प्रमाणित

२३।१२।२०८२

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ह्युमपाइप खरिद | वडा नं. ७ | ३,००,००० | ह्युमपाइप खरिद तथा जडान | वडा नं. ७ | ३,००,००० |
| ३ | सत्ती कर्णाली सामुदायिक वन जाने वाटोमा कल्भर्ट निर्माण | वडा नं. ७ | १२,००,००० | सनत श्रेष्ठको घर देखी वैदी खोपकेन्द्र जाने वाटो र वडा नं ९ को सिमाना देखी मौभेरीटोल चोक मदन साउदको घर हुदै वडा नं ९ को सिमाना जोड्ने वाटोमा मसिनो ग्राभेल | वडा नं. ७ | १२,००,००० |
| ४ | रामपुर चौराह देखी देव थानमा ट्रस निर्माण तथा वत्ति जडान | वडा नं. ३ | १,५०,००० | जमरा पक्कीपुल नजिक वरपिपर चौतारा निर्माण | वडा नं. ३ | १,५०,००० |
| ५ | वडा नं ३ का विभिन्न वाटोहरुमा ह्युमपाइप खरिद | वडा नं. ३ | २,७५,००० | वडा नं ३ का विभिन्न वाटोहरुमा ह्युमपाइप खरिद तथा जडान | वडा नं. ३ | २,७५,००० |
| ६ | त्रिशक्ति टोल गुरुवाको घर जाने बाटोमा मसिनो ग्राबेल र पेटी निर्माण | वडा नं. ४ | १,५४,००० | खाकरौला सडक बढघर देखि परमभक्त जैशिको घर जाने बाटोमा पर्ने विद्युत पोल सार्न | वडा नं. ४ | १,५४,००० |
| ७ | कानुनि सेवा तथा परामर्श | वडा नं. ४ | ३०,००० | सुत्केरी आमा लाई पोषिलो खानेकुरा वितरण कार्यक्रम | वडा नं. ४ | ३०,००० |
| ८ | ह्युमपाइप खरिद | वडा नं. ६ | १,५०,००० | ह्युमपाइप खरिद तथा जडान | वडा नं. ६ | १,५०,००० |
| ९ | वडाको विभिन्न बाटोमा माटो पटानी तथा ग्राबेल | वडा नं. ५ | १०,००,००० | मनिकापुर देखि दौलतपुर घाट जाने सडक कालोपत्रे निर्माण | वडा नं. ५ | १०,००,००० |
| १० | नयाँ टिकापुर मरुवा तार घेरबार | वडा नं. ५ | २,००,००० | नुक्लिपुर र शाहिपुर माटोपटानी तथा ग्राबेल निर्माण | वडा नं. ५ | २,००,००० |
| ११ | कोठारपुरमा खोपकेन्द्र निर्माण | वडा नं. २ | २,००,००० | कोठारपुर कुला विरबल चौधरीको घर नजिक कल्भर्ट निर्माण | वडा नं. २ | ३,५०,००० |
| १२ | सीतापुर टोल विकास संस्था र शक्तिनगर टोल विकास संस्थाकोट्रेविज निर्माणका साथै नल्काजडान | वडा नं. २ | १,५०,००० | | | |
| १३ | सुनौलो भविष्य कृषि सहकारी संस्थाको अधुरो पर्खाल तथा गेटनिर्माण | वडा नं. २ | ३,५०,००० | धतुवा कुला नजिक माटो पटानी ,उप्रेतीको घर नजिकको बाटोमामाटो पटानी तथा धर्मराज शाहको घर देखि बम ब.सिंहको घर सम्म बाटो मर्मत | वडा नं. २ | ३,५०,००० |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित

२३।१२।२०८२

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | कृषि भ्रमण | वडा नं. ९ | २,८०,००० | कृषि सिंचाईकोलागि बोरिंग वितरण ७५% अनुदान | वडा नं. ९ | २,८०,००० |
| १५ | भानुभक्त आधारभूत बिधालय खक्रौला खानेपानी मर्मत | वडा नं. ९ | ५०,००० | भानुभक्त आधारभूत बिधालयमा खानेपानी फिल्टर घेरबार (इट्टा चिनाई र च्यानल गेट ) | वडा नं. ९ | ५०,००० |
| १६ | मिनी पावर टेलर | वडा नं. १ | २,५०,०००/- | मिनि पावर टिलर बितरण (५०% लागत सहभागिता) | वडा नं. १ | ४,२७,१६७/७१ |
| १७ | बसन्ते मकै क्षेत्र बिस्तार कार्यक्रम | वडा नं. १ | १,००,०००/- | | | |
| १८ | मसाला बाली प्रर्बद्धन कार्यक्रम | वडा नं. १ | ७७,१६७/७१ | | | |
| १९ | मृतु संस्कारलाई व्यवस्थित गर्न लास जलाउने दाउरा वितरण | वडा नं. १ | १,५०,०००/- | भगरैया गाउको मूल सडक बाट दक्षिण सरन चौधरीको घर सम्मको सडक ग्राभेल | वडा नं. १ | २,२५,०००/- |
| २० | सडक बत्ती जडान प्राविधिक सहयोग | वडा नं. १ | ७५,०००/- | | | |
| २१ | उधमशिलता विकास व्यवस्थापन अभिमुखीकरण कार्यक्रम | वडा नं. १ | १,५०,०००/- | समितीपुर सुनिता कडायतका घर देखी शान्ती शाहको घर सम्म जोड्ने सडक माटो पटानी तथा ग्रावेल | वडा नं. १ | १,५०,०००/- |
| २२ | नवदुर्गा आश्रम निर्माण | वडा नं. १ | २,५०,०००/- | ब्लक नं. १० नवदुर्गा मन्दिर परिसरमा सार्वजनिक शौचालय निर्माण | वडा नं. १ | २,५०,०००/- |
| २३ | देउराली भंज्यांग सहकारी संस्थाको परिसरमा माटो पटानी | वडा नं. १ | १,००,०००/- | नगर विकास समितिको पुरानो गोदाम घर मर्मत | वडा नं. १ | १,००,०००/- |
| २४ | ज्योतिनगर पिच सडक देखि उत्तर दान बहादुर रावलको घर हुँदै भगरैया जोड्ने सडक स्वीकृत बजेट रु.२,००,०००/- | वडा नं. १ | ७,००,०००/- | ज्योतिनगर पिच सडक देखि उत्तर दान बहादुर रावलको घर हुँदै भगरैया जोड्ने सडक | वडा नं. १ | ३,५०,०००/- |
| २५ | बंगुर/लोकल/खुखुरा प्याकेज कार्यक्रम (स्वीकृत बजेट रु.५,००,०००/- | | | ज्योतिनगर चोकको मिल देखि पुर्व सतघरुवा जाने बाटो जोड्ने सडकमा खाल्डा खुल्डी मर्मत | वडा नं. १ | २,००,०००/- |
| | | | | ब्लक न. ८ स्थित गुम्बा परिसरमा सेप्टिक ट्यांकी निर्माण | वडा नं. १ | १,५०,०००/- |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित

२३।१२।२०८[illegible]

प्रमुख प्रशासकीय अधिकृत

| २६ | सर्पउद्दार कर्तालाई सामग्री खरिद | वडा नं. १ | ३०,०००/- | वडा कार्यालयको पेटीमा ब्लक बिछ्याउने काम | वडा नं. १ | ३०,०००/- |
|---|---|---|---|---|---|---|

नोट : पुजीगत शिर्षकमा विनियोजन भएको वजेट चालु प्रकृतिको कार्यक्रममा संशोधन गर्न नमिल्ने कानूनी व्यवस्था भएकोले सो प्रकृतिको वजेट शिर्षक तथा कार्यक्रम संशोधनवाट हटाईएको छ ।

(ख) टीकापुरनगरपालिकाको वडा नं.५स्थित नमुना आवास कार्यक्रम (मुक्त कमैया, दलित र जनजाती ) आयोजना को लागि वडा समिति बाट मिति २०८२/१२/०९ गते को सिफारिस पत्र अनुसार तपसिल बमोजिम लाभग्राही छनौट गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| सि.न. | जग्गाधनीकोनाम | ठेगाना | साबिकठेगाना | कित्तान. | क्षेत्रफल् (बि-क-धु) | चारकिल्लाविवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| १ | श्रीरनियाडगौराथरुनी (श्रीसेतरामचौधरी) | टिकापुर -५ | मनिकापुर-१ | ३७४ | ०-३-० | कित्तान. ४२९रकित्तान. ४३० | बाटो | कित्तान. ३४२ | कित्तान. ३७३ | जनजाती |
| २ | श्रीसोमालीथरुनी | टिकापुर -५ | मौरनिया -७ | ९६९ | ०-१-० | नक्शासिमाना | बाटो | कित्तान. ९७६र कित्तान. ८३९ | कित्तान. ९९६ | जनजाती |
| ३ | श्रीसम्भुप्रसाददमाई | टिकापुर -५ | मनिकापुर-७ | २५१ | ०-०-१७ | कित्तान. २५० | कित्तान. २५२ | कुलो | बाटो | दलित |
| ४ | श्रीअमरबहादुरओड | टिकापुर -५ | मौरनिया -४ | ९४५ | ०-१-० | कित्तान. ७११रकित्तान. ९२९ | बाटो | कित्तान. ८४६ | कित्तान. २८०, २८१र २७९ | दलित |
| ५ | श्रीरामबहादुरड. थारुरश्रीभोजियाथरुनी | टिकापुर -५ | मौरनिया -७ | १२३९ | ०-१-० | कित्तान. १२४० | कित्तान. १२३८ | बाटो | कित्तान. १०२२ | मुक्तकमैया |
| ६ | श्रीलौधारीरामथारु | टिकापुर -५ | मनिकापुर-७ | ५०१ | ०-१-० | कित्तान. ४६३ | बाटो | कित्तान. ५०० | कित्तान. ५०२र कित्तान. ४५१ | मुक्तकमैया |

प्रस्ताव नं.१२ दलित समुदायका युवायुवतिहरुलाई सिप विकास तथा आयआर्जन कार्यक्रम सम्बन्धमा

प्रचलित कानून बमोजिम निर्णय प्रमाणित

२०८२/१२/१२

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं.१२ दलित समुदायका युवायुवतिहरुलाई सिप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन सम्बन्धमा अध्ययन तथा सिफारिस गर्न गठित समितिले पेश गरे अनुरुप सिप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१३ वजेट विनियोजन सम्बन्धमा ।

निर्णय नं.१३ चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत नगर भित्रका पर्यटकीय र साँस्कृतिक सहायताका क्षेत्र संरक्षण र प्रवर्धनका लागि व्यवस्थापन खर्च शिर्षकमा विनियोजित रकम रु.२००००० लाख मध्येबाट श्री पदमप्रकाशेस्वर मन्दिर, टीकापुर ७ लाई रु.१०००००।- र कैलालेश्वर शिव मन्दिर टीकापुर १ लाई रु.१०००००।- बाँडफाँड गरि कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.१४ सडकका सानासाना खाल्डाखुल्डी मर्मतका लागि ग्राभेल संकलन सम्बन्धमा ।

निर्णय नं.१४ टीकापुर नगरापलिका क्षेत्रका सडकका सानासाना खाल्डाखुल्डी मर्मत गर्ने प्रयोजनका लागि ग्राभेल संकलन गरि मौज्दात राखे निर्णय गरियो ।

प्रस्ताव नं.१५ अदालति कामका लागि अख्तियारी दिने सम्बन्धमा ।

निर्णय नं.१५ माण्डव्य कन्स्ट्रक्सनप्रा.लि.को अख्तियारि प्राप्त व्यक्ति कैलाली जिल्ला लम्किचुहा नगरपालिका वडा नं.३ चिसापानी बस्ने कर्ण बहादुर शाहीको छोरा वर्ष ४६ को जनक बहादुर शाही पुनरावेदक/ वादी भइ टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर कैलालीमा तत्कालिन अवस्थामा प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत दमन सिंह चौधरी र ऐ.ऐ. नगरपालिकाका नगर प्रमुख रामलाल डगौरा लाई प्रत्यर्थी/प्रतिवादी बनाई करार सम्झौता बदर गरी किस्ता बापतको रकम र क्षतिपूर्ति रकम समेत दिलाई भराई पाउँ विषयको (मुद्दा नं.०८२-DP-००५९) मुद्दा श्री सम्मानित उच्च अदालत दिपायल डोटीमा दायर भै उच्च अदालत दिपायल डोटीबाट निजहरुको नाउँको कानून बमोजिमको सुचना म्याद नगरपालिका कार्यालयमा मिति २०८२।११।२९ गते तामेली भएकोमा यस कार्यालयमा तत्कालिन अवस्थामा प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत दमन सिंह चौधरी विगत एक वर्ष पहिले अर्थात मिति २०८१।१२।२१ मा नै स्वेच्छिक अवकाश लिई राजिनामा दिई स्वीकृत समेत भइसकेकोले निजको हकमा यस कार्यालयमा हाल प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत सुमन घिताल र नगर प्रमुख रामलाल डगौरा मिति २०८२।११।२१ गते संम्पन्न प्रतिनिधि सभाको सदस्य को उम्मेदवारका लागि निर्वाचनमा भाग लिनु पुर्व नगर प्रमुख पदबाट राजिनामा दिई स्वीकृत समेत भै नगर प्रमुख पद रिक्त रहेको साथै नगर उपप्रमुख सो भन्दा पहिले नै निलम्वनमा परि जनप्रतिनिधिको काम कर्तव्य र अधिकार वाट नागरिकले प्राप्त गर्ने सेवा सुविधामा सहजता ल्याई जनप्रतिनिधिको हकमा नगरपालिकाको कामकाज आगाडि बढाउन स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ११६ को उपदफा (१) बमोजिम नगर प्रमुखको पद रिक्त भएको र उपप्रमुख निलम्बनमा परेकोले कार्यापालिकाको मिति २०८२।१२।२२ गते बसेको ६४ औं बैठकको निर्णय बमोजिम कार्यपालिकाका सदस्यहरुले आफुहरु मध्ये बाट राम बहादुर नगार्जीलाई कार्यवाहक प्रमुख भै काम गर्न जिम्मेवारी तोकिएकोमा नगर प्रमुख रामलाल डगौराको हकमा का.वा. नगर प्रमुख राम बहादुर नगार्जीको तर्फबाट यस कार्यालयमा कानुन अधिकृत पदमा कार्यरत कानून अधिकृत केशर बहादुर थापालाई अख्तियारी दिने निर्णय गरियो।

प्रस्ताव नं.१६ कार्य सम्पादन मुल्याङ्कन नतिजाका आधारमा दीगो सुधार कार्ययोजना स्वीकृत सम्बन्धमा ।

निर्णय नं.१६ टीकापुर नगरपालिकाको कार्य सम्पादन मुल्याङ्कन नतिजाका आधारमा दीगो सुधार कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१७ विषयगत समितिवाट प्राप्त प्रतिवेदन छलफल सम्बन्धमा ।

निर्णय नं.१७ यस नगरपालिकाका तपसिल अनुसारका विषयगत समितिहरुवाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

क. राजश्व परामर्श समिति

ख. श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित ।

२३।१२।२०८२

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

६४ औं कार्यपालिका बैठक २०८२।१२।२२

ग. वजेट तथा कार्यक्रम तर्जुमा समिति
घ. अनुगमन तथा सुपरिवेक्षण समिति
ङ. आर्थिक विकास समिति
च. सामाजिक विकास समिति
छ. पूर्वाधार विकास समिति
ज. वन, वातावरण तथा विपद व्यवस्थापन समिति
झ. सुशासन तथा संस्थागत विकास समिति

प्रस्ताव नं.१८ व्यवस्थापन परिक्षण प्रतिवेदन छलफल सम्बन्धमा ।
निर्णय नं.१८ चालु आ.व.२०८२।०८३ को टीकापुर नगरपालिकाको व्यवस्थापन परिक्षण प्रतिवेदन, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१९ तराई मधेश सम्वृद्दि कार्यक्रमका योजना छनौट सम्बन्धमा ।
निर्णय नं. तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रिय समन्वय इकाई, सिंहदरबार, काठमाडौंको मिति २०८२/११/२५ मा प्रकाशित सूचना बमोजीम तराई मधेश समृद्धि कार्यक्रमतर्फ आगामी आ.व.२०८३/०८४ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेको तपशिल बमोजीमको आयोजना छनौट गरी सम्बन्धीत निकायमा स्विकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | नगरपालिकाको लागत साझेदारी (म्याचिगं ) रकम रु. | तराई मधेब समृद्धि कार्यक्रम अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घण्टाघर देखि वडा नं.१ को कार्यालय हुदै एयरपोर्ट सम्मको वाटोको स्तरोन्नति | टीकापुर-१ | १४३०००००।- | ४३०००००।- | १००००००००।- | |
| २ | जनता मा.वि.सोनाहाफाट देखि डल्फिन क्षेत्र हुदै ढुङ्गाना टोलसम्मको वाटो स्तरोन्नति | टीकापुर-७ | १४३०००००।- | ४३०००००।- | १००००००००।- | |

प्रस्ताव नं.२० कृषि हाटवजार पूर्वाधार निर्माण तथा एकपालिका एक चिस्यान केन्द्र स्थापना सम्बन्धमा ।
निर्णय नं.२० यस नगरपालिकाका प्रत्येक वडामा कृषि हाटवजार स्थापना गर्न पूर्वाधार निर्माण तथा एकपालिका एक चिस्यान केन्द्र स्थापनाका लागि संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२१ स्वस्थ्य संस्थाहरुको ईजाजतपत्र सम्बन्धमा ।
निर्णय नं.२१ टीकापुर नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नियमावलि २०७८ को नियम ३७ को प्रावधान अनुसार तपसिलमा उल्लेखित भए अनुसारका फर्म/स्वास्थ्य संस्थाहरुलाई निम्नानुसार ईजाजतपत्र दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | फार्मेसी/क्लिनिक/प्रयोगशालाको नाम | ठेगाना | सेवाको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | सुवेदी मेडिकल हल | टीकापुर-१ | फार्मेसी | |
| २ | आरोग्य मेडिकल सेन्टर | टीकापुर-१ | फार्मेसी | |
| ३ | नायरा फार्मेसी | टीकापुर-१ | फार्मेसी | |
| ४ | के.एम.मेडिकल हल | टीकापुर-१ | फार्मेसी | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित
२२/१२/२०८२
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | जनसेवा प्याथोलोजी | टीकापुर-१ | प्रयोशाला सेवा | |
| ६ | ओम प्याथोलोजी | टीकापुर-१ | प्रयोशाला सेवा | |
| ७ | आर.के.प्याथोलोजी | टीकापुर-१ | प्रयोशाला सेवा | |

प्रस्ताव नं.२२ शहरी स्वास्थ्य प्रवर्द्दन तथा सिकलसेल केन्द्र संचालन तथा सामाग्री व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.२२ क. आ.व. २०८२/०८३ को लागि टीकापुर नगरपालिकालाई संघीय शसर्त चालु अनुदान अन्तर्गत शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रमा औषधि स्वास्थ्य औजार उपकरण तथा सामग्री व्यवस्थापन खर्चको लागि प्राप्त रकम रु.६९,६६,०००।-(अक्षरेपी उन्नासत्तरी लाख छैसट्टी हजार मात्र) शहरी स्वास्थ्य तथा सिकलसेल केन्द्र संचालन व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम आवश्यक स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यकता र औचित्यका आधारमा औषधि, स्वास्थ्य उपकरण लगायत अन्य आवश्यक सामग्री व्यवस्थापन गरी संचालन प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

ख. यस कार्यालयका स्वास्थ्य तर्फका कर्मचारीहरुको सशर्त अनुदान तर्फ संघीय सरकारवाट प्राप्त हुने तलब भत्ता शिर्षकमा रकम अपुग भएकोले पछि संघीय सरकारवाट प्राप्त हुने सशर्त अनुदानको रकमवाट सोधभर्ना हुने गरि हाल लाई नगरपालिकाको आन्तरिक श्रोतवाट स्वास्थ्य तर्फका कर्मचारीहरुको माशिक तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

प्रचलित कानुन बमोजिम निर्णय प्रकाशित

[signature] २२/१२/२०८२

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

५८ औं कार्यपालिका बैठक २०८२/१२/...

CamScanner